राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


# प्रेस विज्ञप्ति

२०७६ पुस १६

## सूचना प्रविधि विधेयकको सम्बन्धमा आयोगको धारणा

संसदको विकास तथा प्रविधि समितिबाट हालै पारित भएको सूचना प्रविधि विधेयक अभिव्यक्ति स्वतन्त्रतालाई संकुचन गर्ने गरी पारित भएको भन्ने विषयमा सञ्चारमाध्यममा प्रकाशित समाचारहरुप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

अभिव्यक्ति स्वतन्त्रतालाई आधारभूत मानव अधिकारको रुपमा विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकार कानूनहरुले स्थापित गरेका छन् । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा १९, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १९ ले प्रत्येक व्यक्तिलाई विना हस्तक्षेप आफ्ना विचारहरु राख्न पाउने अधिकारको सुनिश्चितता गरेको छ । यी धाराहरुमा उल्लेखित प्रावधानहरुको व्याख्या गर्दै संयुक्त राष्ट्र संघको मानव अधिकार समितिले साधारण टिप्पणी नं. ३४ मा विचारको स्वतन्त्रता र अभिव्यक्तिको स्वतन्त्रता मानिसको पूर्ण विकासको लागि अपरिहार्य सर्त भएको र लोकतान्त्रिक समाजको स्थापनाका लागि आधारस्तम्भको रुपमा रहने भएकाले संकटकालीन अवस्थामा समेत यो अधिकारमा बन्देज लगाउन नमिल्ने भनी व्याख्या गरेको आयोग स्मरण गराउँदछ । विचार र अभिव्यक्तिको स्वतन्त्रता संविधान प्रदत्त मौलिक हक हो । अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाउँदा बन्देजको प्राप्त गर्न खोजेको उद्देश्यसँग औचित्यपूर्ण सम्बन्ध रहेको हुनुपर्दछ भन्ने सम्मानित सर्वोच्च अदालतको मिति २०७४/१/६ को फैसलालाई समेत आयोग स्मरण गर्दछ ।

अत : अभिव्यक्ति स्वतन्त्रतालाई व्यवस्थित गर्ने नाममा यसका मान्य सिद्धान्त प्रतिकूल हुनेगरी बन्देज लगाउनु मानव अधिकारको विपरीत हुनजानेतर्फ संवेदनशील हुन आयोग आग्रह गर्दछ । साथै, विचार र अभिव्यक्ति स्वतन्त्रताको सम्बन्धमा उल्लेखित राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनहरु अनुकूल निर्माण हुनेमा आयोग विश्वस्त हुँदै सरोकारवालासँगको पर्याप्त छलफलपश्चात् प्रत्येक व्यक्तिले अभिव्यक्ति स्वतन्त्रताको पूर्ण उपभोग गर्न पाउने कानून निर्माण हुन आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

वेद भट्टराई
सचिव/प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org